कृष्णकर्णाभरणकाव्यम्

विद्वच्छिरोमणिकुलचन्दगौतमप्रणीतम्

उज्जग्मुषी मुखसहस्रजुषो विराजः
शेषाहिराजरसनाद्विसहस्रपूता ।
धूताशुभाऽधिवदनं सदनं रसाना-
मास्तां सदैव ननु दैवसरस्वती नः ।।

प्रकाशक
कुलचन्द्र गौतम स्मृति संस्था
गैरीधारा, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वच्छिरोमणि कुलचन्द्र गौतम

कृष्णकर्णाभरणकाव्यम्

प्रकाशक
कुलचन्द्र गौतम स्मृति संस्था
गैरीधारा, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक : कुलचन्द्र गौतम स्मृति संस्था, गैरीधारा, काठमाडौं ।

प्रकाशन : मार्ग, २०६७

सर्वाधिकार : यसको सम्पूर्ण प्रतिलिपि अधिकार कुलचन्द्र गौतम स्मृति संस्थासँग छ। पूर्वस्वीकृतिविना यसको कुनै पनि भाग बिगार्न, अरू भाषामा उल्था गर्न, उद्धृत गर्न र छपाउन पाइनेछैन। यस प्रकाशनमा व्यक्त गरिएका विचार र भावनाहरूको पूर्ण जिम्मेवारी स्वयं लेखकहरूमा नै निहित छ।

मुद्रक : श्री प्रेस, जावलाखेल, ललितपुर, फोन: ५५३२८२२

मूल्य : रू. १५५।-

ISBN : 978-9937-2-2499-4

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

कृष्णकर्णाभरणकाव्य एउटा सुमधुर खण्डकाव्य मात्र नभएर 'ल'कारलाई उत्कृष्टरूपले उजागर गर्ने व्याकरणको अद्‌भुत रचना पनि हो । यस्तो कृति आजको आधुनिक परिपाटीमा निस्कन गाह्रो छ ।

विद्वच्छिरोमणि कुलचन्द्र गौतमको जीवनकालमा नेपालमा नेपाली भाषाको अलिअलि मात्र विकास भएको थियो । संस्कृत भाषामा भने बढी रचनाहरू निस्किरहन्थे । आज नेपालमा संस्कृतको त्यत्ति महत्त्व देखिँदैन, जति हुनुपर्ने हो । यस प्रकारका साना तर अत्यन्त सारगर्भित रचनाहरूले नेपाली विद्वत्समाजलाई संस्कृतको आवश्यकता र सौन्दर्यलाई आत्मसात् गर्न प्रेरित गर्नेछ भन्ने मलाई विश्वास छ ।

प्रा. डा. वेणीमाधव ढकालज्यूको आधिकारिक समालोचनासहित यो पुस्तक प्रकाशन गर्न सकिएकोमा यो संस्था गौरवान्वित छ । विद्वान्‌ले नै विद्वान्‌लाई चिन्दछ भन्ने किंवदन्तीलाई उहाँको समालोचनाले चरितार्थ गरेको छ । प्रा. डा. वेणीमाधव ढकालज्यूप्रति यो संस्था तथा आफ्नै तर्फबाट पनि म भारी कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

श्रीरुक्मनाथ पौडेलज्यूले यो पुस्तक राम्रोसँग मुद्रण गरिदिनुभएकोमा उहाँलाई र उहाँमार्फत समस्त श्री प्रेस परिवारप्रति पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

यस संस्थाको उद्देश्यअनुरूप विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतमको लोप हुन लागेको रचनाको पुनः प्रकाशन गरी नेपाली र संस्कृत पाठक वर्गमा प्रस्तुत गर्न पाउँदा मलाई साह्रै खुसी लागेको छ ।

डा. प्रसन्न चन्द्र गौतम
अध्यक्ष
कुलचन्द्र गौतम स्मृति संस्था

श्रावण ३०, २०६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वच्छिरोमणि पं. कुलचन्द्र गौतम विरचित कृष्णकर्णाभरणकाव्यम् को साहित्यिक एवं व्याकरणिक अनुशीलन

उपक्रम

विद्वच्छिरोमणि कुलचन्द्र गौतमद्वारा रचित **कृष्णकर्णाभरणकाव्यम्** साहित्यिक सौन्दर्य र व्याकरणिक लाकारार्थप्रक्रियाको पाण्डित्यपूर्ण प्रयोगका कारण नेपाल, भारत र जर्मनी आदि राष्ट्रका विद्वान्‌हरूद्वारा समादृत अद्वितीय संस्कृत खण्डकाव्य हो। श्रीमद्भागवत आदि आर्ष ग्रन्थहरूमा निरूपित श्रीकृष्णको चमत्कारपूर्ण चरित्र विश्वमा नै अत्यन्त वन्दनीय छ। यो काव्य श्रीकृष्णलीलाअन्तर्गत माथुरलीलामा आधारित छ।

श्रीकृष्ण कंसको आदेशअनुसार मथुरा जानुभएपछि विरहले सन्तप्त भएका श्रीकृष्णका प्यारा गोपिनीहरूको वियोगजनित पीडालाई विभिन्न छन्द र व्याकरणका अनेकौं लकारहरूको प्रयोगद्वारा व्यक्त गर्ने कृष्णकर्णाभरणकाव्यको आफ्नो छुट्टै विशेषता छ। यहाँ महाकवि एवं विद्वच्छिरोमणि कुलचन्द्र गौतमको सङ्क्षिप्त परिचय, कृष्णकर्णाभरणकाव्यको स्वरूप, विषयवस्तु, शीर्षकविधान, प्रयोजन एवं प्रेरणा, कथास्रोत, व्याकरणसिद्धान्तमा आधारित पूर्ववर्ती काव्य, लकारार्थप्रक्रिया र कृष्णकर्णाभरणकाव्यम् उपशीर्षकमा केन्द्रित रही विमर्श गरिंदैछ।

विद्वच्छिरोमणि महाकवि कुलचन्द्र गौतम

धर्तीमा हजारौं वर्षमा युगपुरुषहरू पैदा हुन्छन् र आफ्नो योगदानद्वारा समाज, राष्ट्र, धर्म, संस्कृति, साहित्य, सङ्गीत, कला, शिक्षा र राजनीतिमा समेत युगान्तकारी परिवर्तन ल्याउँछन्। नेपालको धादिङ जिल्लाअन्तर्गत जीवनपुर गाउँमा वि.सं. १९३४ मा त्यस्तै युगपुरुषको पदार्पण भयो। पण्डित यज्ञेश्वर गौतमका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रपौत्र पण्डित इच्छाराम गौतमका पौत्र र पण्डित रमाकान्त गौतमका पुत्रका रूपमा बालक कुलनिधि जन्मिए। बालककालमा आफ्ना पिताका साथ अध्ययनार्थ काशी पुगेका कुलनिधिले प्रारम्भिक अध्ययन सम्पन्न गरेपछि महामहोपाध्याय पं. रामशास्त्री तैलङ्गबाट व्याकरणशास्त्र र तैलङ्गशिरोमणि महामहोपाध्याय पं. गङ्गाधरशास्त्रीबाट साहित्यशास्त्रका उच्चस्तरीय ग्रन्थहरूको गम्भीर अध्ययन गरे। कुलनिधिको विलक्षण प्रतिभाबाट प्रसन्न भएका तैलङ्ग गुरुहरूले कुलनिधि नामको सट्टा कुलचन्द्र नामकरण गरी उनको उज्ज्वल भविष्यको सङ्केत गरिसकेका थिए।

विक्रमसंवत् १९६२ मा प्रथमश्रेणीमा साहित्याचार्य उत्तीर्ण गरेका कुलचन्द्र गौतमद्वारा विभिन्न समयमा लेखिएका शोकमहोर्मि, स्वयंवैद्य, कृष्णकर्णाभरणम्, अलङ्कारचन्द्रोदय, भागवतमञ्जरी, गङ्गागौरवम्, प्रपन्नचर्चा, प्रेमपञ्चाशिका, रामचरितमानसको भावबोधिनी टीका, शिवमहिम्नःस्तोत्रको समश्लोकी नेपाली पद्यानुवाद, वन्दनायुगल, आर्दशदम्पती सीतारामौ, राघवालङ्कार, आदित्यार्यास्तुतिः दत्तचर्या, शिवस्तुतिनक्षत्रमाला, शीतवर्णनम्, काशिकराजकीयसंस्कृतमहाविद्यालय, नवरत्नोपहारः, अमरकोशपरिशेषः, अमरकोश नेपाली टीका, संस्कृत-नेपाली शब्दकोश, गौतमवंशवृत्तम्, भारतीवैभवसम्पत्तिः, योगकौमुदी, वैद्यवल्लभः जस्ता कृतिहरू विभिन्न समयमा विभिन्न ठाउँबाट प्रकाशित भएका छन्। यसै गरी हरिवरिवस्या, विष्णुसहस्रनामविवृतिः आदि ग्रन्थहरू अप्रकाशित नै रहेका छन्।

आफ्नो विचित्र वैदुष्य, कवित्व एवं साहित्यिक योगदानका कारण श्री ५ पृथ्वीवीरविक्रम शाहलगायत सैकडौं विद्वान् र कविहरूका गुरु, दजनौं उच्चस्तरीय साहित्यिक एवं शास्त्रीय ग्रन्थका स्रष्टा, नेपाल भारतका विशिष्ट विद्वान्हरूद्वारा सम्मानित कुलचन्द्र गौतमलाई श्री ५ त्रिभुवनले वि.सं. २००९ मा विद्वच्छिरोमणि उपाधि प्रदान गरेका थिए। काशीविद्वत्परिषद्ले **आदर्शदम्पती सीतारामौ** ग्रन्थको सम्मतिपत्रमा कविशिरोमणि र महाकवि भनी सम्बोधन गरेको छ। यसै गरी कुलचन्द्रले विभिन्न समयमा नेपाल सरकारबाट गोरखादक्षिणबाहु र कविशिरोमणिजस्ता मानपदवी पनि प्राप्त गरेका थिए। उनलाई जर्मन सरकाराबाट **समस्त भूमण्डलमा संस्कृत साहित्यका अद्वितीय विद्वान्** भन्ने उपाधि प्रदान गरियो र भारतीय विद्वत्समाजले उनलाई **साहित्यमणि र साहित्यभूषण** पदवी प्रदान गऱ्यो।

वाङ्मयका अनेकौं विधामा कलम चलाएर कुलचन्द्रले संस्कृत र नेपाली साहित्यको श्रीवृद्धि गरे, आफ्नो अद्वितीय प्रतिभा, वैदुष्य र योगदानद्वारा राष्ट्र र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्तर्राष्ट्रमा नेपालको कीर्ति राखे र आफू पनि संसारमा यशस्वी भए । संसारमा आएका प्राणीले जानुपर्छ, यो ध्रुवसत्य हो । राम, कृष्ण, ईशा, नानक, महावीर आदि महापुरुष एवं अवतारपुरुषहरू पनि आए-गए, कोही रहेनन् । यता महाकवि कुलचन्द्रको पनि जाने दिन आइपुग्यो । आखिर उनले २०१५ साल मार्गशीर्ष कृष्ण अष्टमीका दिन बाबा विश्वनाथको नगरी काशीको रामघाटमा शिवसायुज्य प्राप्त गरे ।[1] महाकवि कुलचन्द्र गए तापनि उनका अनुपम रचना हाम्रा सामु छन् र तिनै रचनाहरूको माध्यमबाट उनले हाम्रो मार्गदर्शन गरिरहेका छन् र गरिरहने छन् । उनका अनेकौं रचनाहरूमध्ये गङ्गा-यमुना र सरस्वतीको सङ्गम प्रयागराजझैं साहित्य, व्याकरण र भक्तिको सङ्गम कृष्णकर्णाभरणकाव्य आफ्नो विशेषताको कारण अद्वितीय कृतिको रूपमा रहेको छ ।

कृष्णकर्णाभरणकाव्यको परिचय

कवि कुलचन्द्रद्वारा जार्ज प्रिन्टिङ्ग मुद्रणालय, कालभैरव, काशीमा मुद्रण गराई वि.सं. १९७५ मा प्रकाशित कृष्णकर्णाभरणकाव्य खण्डकाव्य हो । यसमा ६२+४ पृष्ठ छन् र प्रस्तावसहित काव्यका २२० र दुई पुष्पिका पद्यसमेत गरी २२२ पद्य रहेका छन् । तत्कालीन परिस्थितिअनुसार काव्यको मूल्य १२ आना मात्र राखिएको छ । सिद्धान्तकौमुदीको लकारार्थप्रक्रियाका ६३ सूत्र र वृत्तिलाई क्रमशः विषयशीर्षकअनुसार पद्यहरूको शीर्षभागमा विन्यास गरिएको छ । यसरी सर्वप्रथम सूत्रवृत्ति त्यसपछि सूत्रको नियमअनुसार विभिन्न लकारमा गुम्फन गरिएका पद्यहरू रहेका छन् । प्रत्येक पद्यको समानान्तर दायाँ भागमा पद्यमा प्रयुक्त लकारको उल्लेखका साथै त्यहाँ त्यो लकार प्रयोग गर्नुको कारणसमेत सङ्क्षेपमा उल्लेख गरिएको छ ।[2] यसमा सिद्धान्तकौमुदीको लकारार्थप्रक्रियाको सूत्रक्रमअनुसार सूत्र उपस्थापित छन् । तिनै सूत्रले निर्देश गरेका विषय र नियमका आधारमा काव्यको कथावस्तु निर्बाधरूपमा अगाडि बढेको छ । यसरी हेर्दा यो कृति व्याकरणका नियमहरूको प्रयोगशालामा कुँदेर तयार गरिएका उच्च साहित्यिक मूल्य र मान्यता संवहन गर्ने पद्यहरूद्वारा निष्पन्न संस्कृत साहित्यको अतुलनीय कृतिका रूपमा रहेको छ ।

---

१. प्रा.डा. टीकाराम अधिकारी, 'पं. कुलचन्द्र गौतम र उनको साहित्यसाधना' प्रकाशक - महेन्द्र संस्कृत विश्वविद्यालय, वि.सं. २०५६, पृ. २६-७४ ।

२. प्रस्तुत संस्करणमा यी कुरा पद्यपछि नै क्रमशः दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असाधारण वैदुष्य र कवित्वले सम्पन्न कृतिकारले मात्र यस किसिमका कृतिहरू जन्माउन सक्छन् । अहिले जानकारीमा आएका संस्कृत साहित्यका हजारौं काव्यमा कहीँ पनि व्याकरणका सूत्रहरूको क्रमबद्ध विन्यास गरी ती सूत्रमा निर्दिष्ट नियम र विषयअनुसार यतिविधि सरल, सरस, सुमधुर र प्राञ्जल पद्यरचना गरिएको पाइँदैन । यसैले यस काव्यसँग तुलना गर्न सकिने कुनै काव्य छैन भन्नुमा अत्युक्ति हुने छैन ।

कृष्णकर्णाभरणकाव्यको विषयवस्तु

लीलामय परब्रह्मले देवकी वसुदेवका पुत्र श्रीकृष्णको रूपमा धराधाममा अवतीर्ण भई धर्मको रक्षा र अधर्मको नाश गर्ने उद्देश्यले लीलाविहार गर्नुभयो । कारागारमा जन्मनुभएका श्रीकृष्णलाई वसुदेवले नन्दबाबाको घरमा पुऱ्याए । यशोदा आमा बनिन् र नन्द बाबा बने । पृथ्वीको भारहरण गर्ने प्रमुख उद्देश्यलाई हृदयङ्गम गरी गोकुलमा रहनुभएका श्रीकृष्णले कंसद्वारा आफूलाई मार्न पठाइएका दुर्जेय दानवहरूको वध गरी विचित्र बाललीला देखाउनुभयो र सम्मोहक गुण, स्वभाव, स्वरूप एवं लीलाद्वारा व्रजबालाहरूलाई मोहित गरी बालकेलिका साथै ब्रह्मानन्दसमान आनन्द प्रदान गर्ने रासलीला रचाउनुभयो ।

नारदजीबाट श्रीकृष्णको अवताररहस्य बुझेको कंसले श्रीकृष्ण र बलरामलाई छलमा पारी मार्ने उद्देश्य लिएर धनुर्यागको आयोजना गऱ्यो । अक्रूर श्रीकृष्ण, बलराम एवं अरू गोप-गोपीहरूलाई लिन मथुराबाट गोकुल गए । कंसको आदेशअनुसार श्रीकृष्ण र बलराम मथुरातर्फ जान लाग्नुहुँदा श्रीकृष्णलाई प्राणप्रिय मानी सर्वस्व समपर्ण गर्ने श्रीकृष्णमै रमाएका सपना, विपना, दुःख, सुख, हाँसो र आँसुमा श्रीकृष्णलाई नै सम्झिरहने गोपिनीहरूले बाटो छेके । श्रीकृष्ण म छिटै आउँछु भन्ने वाचा गरेर मथुरातर्फ जानुभयो । समय बित्दै गयो, गोपिनीहरू प्रतिक्षा गर्दै गए, श्रीकृष्ण फर्किनुभएन । गोपीहरूको दिनचर्या नीरस भयो र धैर्यको बाँध पनि फुट्यो । अनि ती सबै व्रजबाला एकै ठाउँमा जम्मा भए । कसैले श्रीकृष्णको अगाध स्नेह सम्झी-सम्झी आँखाबाट आँसु बगाए । केहीले आफूलाई छाडेर गएकोमा रीसले आगो भई ओंठ कपाएर लर्बराउँदै आक्रोश व्यक्त गरे, केही कामदेवको प्रचण्ड आगोमा पिल्सिएर अधीर बने । केहीले श्रीकृष्णसँग फेरि मधुर क्रीडा गर्न पाइन्छ कि भन्ने आशाले कर्के नजरले हेर्दै आफ्ना मनोभाव व्यक्त गरे । केही कृष्णले म चाँडै आउँछु भनेका हुन्, यति धेरै दिन बितिसके भनी दिनगणना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्न थाले। केहीले चिन्ताका कारण होश हराउनाले बितेको समय थाहा नपाई हामीले त एउटा जुग नै बितायौं भन्दै थिए। पीरैपीरले गर्दा कान्तिहीन र क्षीण अनुहारमा देखिएका, आफ्नो रक्षाका लागि हातमा डोरो बाँधेका र आफ्ना प्यारा कृष्णलाई हृदयमा स्थिर गराएर ध्यान गरिरहेका ती गोपिनीहरूले प्रेम एवं उपालम्भपूर्वक मुटुमा विराजमान श्रीकृष्णलाई आफ्ना तीता-मीठा कुरा सुनाए।[३] गोपिनीहरूको त्यो प्रेमपूर्ण उपालम्भ नै कृष्णकर्णाभरणकाव्यम्का रूपमा उदाएको छ। त्यसको सारसङ्क्षेप प्रस्तुत गरिंदैछ।

काव्यसार

'प्यारा कृष्ण ! हामीले यमुनामा नुहाउँदा तीरमा राखेका हाम्रा वस्त्र हरण गरेको कुरा के तिमी सम्भिरहेका छौ ? तिमीले वस्त्रहरण गरेका कारण हामी यमुनाको जलभित्र जिउ लुकाएर उभिएका थियौं। हाम्रा वस्त्र फर्काइदेऊ भनी तिमीसँग बिन्ती गर्दै जाडोले कठ्याङ्ग्रिएका थियौं। भन त ! तिमीले हामीलाई कति सतायौ ? के तिमीलाई यो घटना याद छ ? रातको अन्धकारमा तिमी कहाँ छौ भन्ने थाहा नपाएका हामीलाई तिमीले बाँसुरी बजाएर बाटो देखाएको कुरा सम्भन्छौ ? तिम्रो स्नेहमा डुबेका र कामदेवले सताइएका हामी गोपिनीहरू आफ्ना बन्धु-बान्धवले राति हिँड्नु हुँदैन भनी अवरोध खडा गर्दा पनि भागेर तिम्रै छेउमा पुग्यौं। त्यस बेला तिमी कति खुसी भयौ ? के यो कुरा तिमीलाई याद छ ? शुक्लपक्षका रातको जुनेलीमा तिमीले यमुनातटमा बाँसुरी बजाउँदा कामोन्मत्त भएका हामी गोपिनीहरूलाई नचाएको कुरा सम्भन्छौ ? हे कृष्ण ! मीठा वचन बोलेर हाम्रो मन पगाल्न सिपालु तिमीले म छिटै आउँछु भनी शपथ खाएको कुरा सम्भन्छौ ? तिमी निकुञ्जमा लुकेर बस्थ्यौ, हामी त्यहाँ पुग्दा एक्कासी तिमीले हाम्रा अङ्ग-अङ्गमा स्पर्श गर्दै आलिङ्गन गर्थ्यौ र हामी रोमाञ्चित भई आखा चिम्लिँदा तिमीले खुसी भएर के के गर्थ्यौ, सम्भना छ ?

तिमीले मथुरामा गएर दुःखीका दुःख हर्‍यौ, आस गर्नेहरूका आशा साकार बनायौ, माता-पिताको पनि उद्धार गर्‍यौ तर हामीले के बिरायौं, के गल्ती गर्‍यौं र

---

३. क्षामानना: समयखण्डनजातकोपा रक्षाकृतेऽनुसृतपाणिनिबद्धसूत्रा: ।
आध्यानयोगबलकल्पितसन्निधानं प्रेयांसमेनमथ ता इति गोप्य ऊचु: ॥
कुलचन्द्रगौतम, कृष्णकर्णाभरणकाव्यम्, जार्ज प्रिन्टिङ प्रेस, कालभैरव, काशी, वि.सं. १९७५, प्रस्ताव:, पृ. ख, श्लो.सं. ७।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीलाई चटक्कै बिर्सिदियौ ? तिम्रा गुलिया कुराले ठगिएर हामीले तिमीलाई तन, मन, धन र सर्वस्व चढायौं, तर आज तिम्रा वियोगको चरम पीडा भोग्न बाध्य भएका छौं । हाम्रा बाबाहरूले हे छोरीहरू ! तिमीहरू कृष्णले क्रीडा गर्ने भाण्डीरवटमा जानु हुँदैन भन्नुभयो । हामीले त्यो भाण्डीरवट कहाँ छ हामीलाई थाहा नै छैन भनेर आ-आफ्ना पिताजीलाई पनि ढाँट्यौं र तिम्रो इच्छा पूरा गराइरह्यौं । तर आज तिमीले हामीलाई नै ढाँट्यौ । वास्तवमा मथुराका सहरिया सुन्दरीहरूसँग लहस्सिएर तिमीले हामीलाई बिर्सियौ । हामी भने हाम्रा कुरा काट्ने गाउँलेहरूको निन्दा र खिसी सहेर बस्न बाध्य भएका छौं । प्यारा कृष्ण ! हामी गाउँले केटीका मात्र के कुरा तिमीले आफ्नी आमा यशोदा र नन्दबाबालाई समेत छाडिदियौ । किन हो भन त ! तिम्रा बाबा-आमाले तिमीप्रति गरेको उपकारको फल यही हो ? शत्रुको संहार, माता-पिताको उद्धार र आफन्तहरूको मनोरथपूर्तिजस्ता काम तिमीले सम्पन्न गरिसक्यौं, अब आउँछु भनी आफूले गरेको वाचा पूरा गर । उति बेला वनमा गई हामीसँग रमण गर्थ्यौं र मीठा-मीठा कुरा सुनाउँथ्यौ । हाम्रा ती दिन कति प्यारा थिए । अहिले तिमीले हामीलाई चटक्क छाड्यौ र मथुरा जाने बेलामा गरेको वाचा पनि पूरा गरेनौ । तिम्रो नाम अच्युत हो तर वचनबाट च्युत भइसकेका छौ ।

पहिले तिमी र हाम्रो बीचमा गहिरो माया बसेको कुरा चारैतिर फैलियो, त्यसपछि हाम्रा कुरा काट्नेहरूका निन्दावचन फैलिए र अहिले आएर हाम्रो हृदयमा चिन्ताको आगो फैलियो । हामी चिन्ताको आगोमा डढेर तिम्रो कालो रङ्ग र कालो चरित्रजस्तै काला भएका छौं । कृष्ण ! जे भयो, अब भन त कहिले यहाँ आउँछौ र हामीलाई आफ्ना प्यारा सुन्दरी हुन् भनी उत्सव मनाउँछौ ? हे कृष्ण ! तिमीले कहिले आएर कामदेवले सन्तप्त भएका हाम्रा अङ्ग-प्रत्यङ्गमा आलिङ्गन गर्नेछौ ? कुन-कुन गोपिनीसँग तिमीले एकान्तमा मीठा कुरा गर्नेछौ ? कर्के नजरले तिमीलाई हेर्ने कुन गोपीसँग तिमीले एकान्तमा रमण गर्नेछौ ? हेर त कृष्ण ! घरमा बसी भगवान्को आरती-पूजा गर र पाहुनाको सेवा गर भन्नुहुने पिताजीहरूलाई छकाएर हामी भागी-भागी तिम्रो छेउमा पुग्थ्यौं । के तिमीले हाम्रो त्यो त्यागलाई बिर्सिदियौ ? वास्तवमा तिमी मात्र कपटी रहेनछौ, यस्तो सहिनसक्नु पीडा हुँदा पनि हाम्रो शरीरमा टाँसिएका प्राण पनि कपटी रहेछन् । चन्द्रमाझैं शीतल र सुन्दर स्वभावका तिमी अहिले छिटै आउँछौ भने हामीले वेदना बिर्सिने छौं । सबै सङ्गिनी एकै ठाउँमा जम्मा भएर समवेत स्वरमा तिम्रै गुणगान गर्नेछौं । त्यस बेला यो तातो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पोल्ने चन्द्रमा पनि हामीलाई शीतल हिउँको डल्लोजस्तो लाग्नेछ । हे प्यारा ! तिमी आउँदैनौ भने हामीले अग्निको ज्वालालाई अङ्कमाल गर्नेछौं । तिम्रो मन फर्कन्छ कि भनी हामीले गएको नवरात्रको अष्टमीका दिन नवदुर्गा भवानीको पूजा-आजा गरेका थियौं । तिमी आएनौ । हामीले अझै पनि आस मारेका छैनौं र फेरि पनि तिम्रो र हाम्रो रमाइलो जीवन र सुख-समृद्धिका लागि आगामी कोजाग्रत पूर्णिमाका दिन भगवती लक्ष्मीको आराधना गर्नेछौं ।

हे कृष्ण ! हामी सबै गोपिनी तिम्रा सबै बैगुन बिर्सिएर यमुनातीरमा गई तिम्रो चरित्रको गुणगान गर्न चाहन्छौं । तर कामदेवको आगोको ज्वालाले पिल्सिएर खिन्न र दुर्बल हुनाले यमुनाको तीरमा जान पनि असमर्थ भइसकेका छौं । अब यस्तै हो भने आगामी फाल्गुन पूर्णिमाका दिन चीरदाह गर्दा त्यही अग्निमा प्रवेश गरेर प्राणत्याग गर्नेछौं । हे कृष्ण ! हामी तिमीलाई गाली मात्र दिन्नौं तिमीले गरेका राम्रा कुरा पनि त सम्झिरहन्छौं । तिमीले यज्ञसंस्कृतिको शत्रु स्वैराचारी केशी दानवको हत्या नगरेको भए सतानत धर्मको नाश हुने थियो, सबै प्राणीका हृदयमा दिनहुँ विषाद बढ्दै जाने थियो, संसारका समस्त प्राणीहरू शोकसागरमा डुब्ने थिए र यो संसार शून्य नै हुने थियो । तर यतिविधि राम्रो काम गर्ने तिमीले मथुरा पुगेपछि कंसकी कमारी घिनलाग्दी कुब्जालाई आफ्नी बनायौ । तर, तन, मन धन दिएर तिम्रो सेवा गर्ने कुन्दको कोपिलाजस्ता दन्तपङ्क्तिले सुहाएका हामीजस्ता व्रज़बालालाई यस्तो दयनीय अवस्थामा पुऱ्यायौ । यो तिम्रो के चाला हो ? हामीले बुझ्न सकेनौं । यस्तो पापकर्म गरेर अवश्य नै संसारमा तिम्रो सेतो कीर्ति फैलिने छैन । तिमीले बोलाएपछि हामी तिम्रो घरमा गएनौं कि, वनमा गएनौं कि, नदीमा गएनौं कि ? जहाँ भन्थ्यौं त्यहीं पुग्थ्यौं । तिमीलाई आत्मैदेखि माया गऱ्यौं । तिम्रो सम्झना गर्दै च्यूँडोमा हात राखेर आँसुका धारा बगाइरह्यौं । अहिले हामीलाई तिमी नहुँदा एक छिन बिताउँदा पनि एक जुग बिताएजस्तो लाग्छ ।

लङ्गडाले पर्वतारोहण गर्नु र लाटोले उच्चस्वरमा गफ गर्नु आश्चर्य भएझैं हामी व्रजबाला सुखी हुनेछौं, कृष्णसँग दाम्पत्यजीवन बिताएर आनन्द लिनेछौं र तिमी मथुराबाट फर्किएर गोकुलमा आउनेछौ भन्ने कुरा पनि आश्चर्य नै हुनेछ । अहिले हामीलाई ज्योतिषी गर्ग ऋषिले बालक कृष्ण असल हुनेछन्, सबैलाई सुख दिनेछन्, नारीजातिको सम्मान गर्नेछन्, शत्रुको संहार गर्नेछन् भन्ने कुरा पनि झुट्टा लागको छ । हाम्रो मन पोलिएको छ, शरीर डढिरहेको छ, आँसु बगिरहेको छ तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्ति पाउने उपाय केही छैन । यति बेला तिमी आउँथ्यौ भने यो सन्ताप मेट्न तिमीलाई लिएर हामी यमुनाभित्र पस्नेथियौं । तिम्रा ओंठको अमृतपान गरेर व्याधिबाट मुक्त हुने थियौं । तिमीलाई मनपरी गाली गर्ने थिएनौं र छाडा भएर बोल्ने पनि थिएनौं । हे कृष्ण ! अहिले हामी अन्तिम प्रार्थना गरिरहेका छौं । तिमी हाम्रो नजिकै आऊ, बस, हाम्रा वेदना सुन, बाँसुरी बजाऊ, हामी व्रजबालाहरूलाई नचाऊ, तिमी पनि नाच, धर्म गर, सुख देऊ, कामपीडाले आत्तिएका हामीलाई पीडाबाट मुक्त गरी आफ्नो स्नेहामृत पिलाऊ ।

शीर्षकविधान

यस काव्यको **कृष्णकर्णाभरणकाव्यम्** शीर्षक विषयप्रकृतिअनुकूल भए-नभएको भनी समीक्षा गर्नु नै यस उपशीर्षकको उद्देश्य हो । यहाँ शीर्षकबाट प्रकट हुने विभिन्न अर्थको अनुशीलन गर्न लागिएको छ -

१. प्रथम श्रुतिमा कृष्णकर्णाभरणकाव्यम् शब्दले कृष्णका कानको कुण्डलका रूपमा प्रस्तुत काव्य भन्ने अर्थ बुझाउँछ । त्यो अर्थ बुझाउँदा कृष्णस्य कर्णयोः आभरणमिति कृष्णकर्णाभरणम्, कृष्णकर्णाभरणञ्चासौ काव्यमिति, कृष्णकर्णाभरणकाव्यम् यस्तो विग्रह गर्नुपर्दछ ।

२. कविले श्रीकृष्णको प्रीतिका लागि तयार गरेको काव्यरूप कुण्डल भन्ने अर्थको सङ्गतिका लागि कृष्णाय कर्णाभरणम् इति कृष्णकर्णाभरणम्, कृष्णकर्णाभरणञ्चासौ काव्यमिति, कृष्णकर्णाभरणकाव्यम् यस्तो विग्रह गर्नुपर्छ ।

३. यो काव्य 'परब्रह्मरूप श्रीकृष्णको श्रवणेन्द्रियको शोभा बढाउने गहना हो' भन्ने अर्थ पनि प्रतीत हुन्छ । यस्तो अर्थ गर्दा **कृष्णस्य** = परब्रह्मणः, **कर्णयोः** = श्रवणेन्द्रिययोः, **आभरणम्** = सौशब्द्यरूपमलङ्करणम्, चासौ काव्यमिति कृष्णकर्णाभरणकाव्यम् यस रीतिबाट व्युत्पत्ति गर्नुपर्दछ ।

४. कृष्ण भन्ने नाम नै गोपिनीहरूका श्रवणेन्द्रियको अलङ्कार हो भन्ने अर्थ बुझाउनुपर्दा कृष्ण एव- कृष्णेति मङ्गलमयं नामैव, गोपीनाम्, कर्णयोराभरणमिति कृष्ण-कर्णाभरणम्, तेन युतं काव्यमिति, कृष्णकर्णाभरणकाव्यम् यस्तो विग्रह गर्नुपर्दछ ।

५. कृष्णरूप परमात्मा नै श्रवणेन्द्रियका आभूषण शब्द बनेर रहेका छन् भन्ने अर्थ पनि हुन्छ । श्रुतिले 'आत्मा वा रे द्रष्टव्यः श्रोतव्यो निदिध्यासितव्यश्च' भनेको हुँदा यस काव्यमा परमात्मा श्रीकृष्ण नै पाठकहरूले श्रवणेन्द्रियद्वारा श्रवण गरिने शब्दरूप विषय बनेर रहेका छन् भन्ने अर्थ बुझाउन कृष्ण एव कर्णयोः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आभरणम् = शब्दरूपमलङ्करणम्, इति कृष्णकर्णाभरणम्, कृष्णकर्णाभरणं यस्मिन् तत् काव्यमिति कृष्णकर्णाभरणकाव्यम् यस्तो व्युत्पत्ति गर्नुपर्ने हुन्छ ।

६. जहाँ गोपीहरूका प्रार्थनावचन कृष्णको कानमा सुन्दर गहना बनेर रहेका छन् त्यो काव्य भन्ने अर्थ बुझाउनुपरेमा गोपीनां वचनानि कृष्णस्य कर्णयोराभरणानि यस्मिन् तत् काव्यम् - इति कृष्णकर्णाभरणकाव्यम् यस्तो व्युत्पत्ति गर्नुपर्दछ ।

७. श्रीकृष्ण र उनका लीला एवं चरित्र पाठकहरूका श्रवणेन्द्रियलाई तृप्ति दिलाउने अमृत हुन् भन्ने अर्थ गर्दा **कृष्णः** = कृष्णसम्बद्धः नामचरितलीलादिविषयः, पाठकानां **कर्णयोः** = श्रवणेन्द्रिययोः, **आभरणम्** = अमृतम्, यस्मिन् तत् काव्यम्, यस्तो विग्रह गर्नुपर्दछ । भनिएको पनि छ - श्रीकृष्णको लीलामृतलाई आफ्ना कानद्वारा पान गर्ने भक्तहरूले आफ्ना सबै पापहरू नाश गरेका थिए ।

यसरी जुनसुकै तरिकाबाट व्युत्पत्ति गर्दा पनि काव्यको शीर्षकविधान सार्थक र रमणीय देखिन्छ ।

प्रयोजन र प्रेरणा

प्रयोजन - कवि कुलचन्द्र गौतमले कृष्णकर्णाभरणकाव्यम्को भूमिकामा प्रयोजनसम्बन्धमा आफ्ना धारणा यसरी व्यक्त गरकाछन् - सुबन्त र तिङन्त पदहरूको उचित प्रयोग गर्दा श्रोताको मनलाई आनन्द प्रदान गर्ने सहज उच्चार्य रमणीय शब्द र रमणीय अर्थको बोधक सौशब्द्यको परिपाक हुन्छ । यस्तो शब्दार्थगत रमणीयता हिजो-आज रचिने काव्य, निबन्ध, प्रबन्ध आदिमा प्रायः अनुभूतिगोचर हुँदैन । सुबन्त र तिङत शब्दहरूको समुचित विन्यास गर्न सिकाउने व्याकरणका कारक लकारार्थप्रक्रिया आदि अनेक प्रकरण छन् । तर, सिद्धान्तको ज्ञान गराउने प्रयोग गर्न नसिकाउने वर्तमान शिक्षा परिपाटीद्वारा शिक्षित हजारौं छात्रहरूमध्ये एक दुई जान मात्र आफ्नै प्रयास र प्रतिभाबाट सुबन्त र तिङन्त पदको राम्ररी प्रयोग गर्न समर्थ हुन्छन् । यस्तो परिस्थितिमा हिजोआज लेखिएका काव्य, महाकाव्य, निबन्ध एवं प्रबन्धहरूमा प्रयोग गरिने संस्कृत भाषा सुबन्त र तिङन्त पदमा देखिएको अनौचित्यका कारण गौरवहीन बन्दै गएको छ ।

कविको यो अभिव्यक्ति आज पनि उत्तिकै सार्थक छ । आफ्नो धारणाअनुरूप कविले संस्कृतका छात्रहरूलाई लकारार्थप्रक्रियाको माध्यमबाट तिङन्त पदको उचित प्रयोग गर्न मार्गदर्शन गराउने उद्देश्यले कृष्णकर्णाभरणकाव्यम्को रचना गरेका हुन् । यस तथ्यलाई स्वयं कविले पुष्पिकापद्यमा व्यक्त गरको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेरणा - महामहोपाध्याय पं. गङ्गाधर शास्त्री र पं. रामशास्त्रीजस्ता सारस्वत गुरुहरूका उद्भट शिष्य कुलचन्द्रको अपूर्व शास्त्रीय पाण्डित्य र विलक्षण कवित्व अनुभव गरेर वाराणसीका उनका मित्रहरूले कुलचन्द्रलाई तपाईंले व्याकरणप्रयोगप्रधान काव्य लेख्न सक्नुहुन्छ, लेख्नुहोस् भनी प्रेरणा गरेका कारण कवि कुलचन्द्र 'कृष्णकर्णाभरणकाव्यम्'को रचनामा प्रवृत्त भएका देखिन्छन् ।

साहित्यिक सौन्दर्य

कृष्णकर्णाभरणकाव्य गुण, अलङ्कार, रीति, रस, ध्वनि आदि काव्यगुणले ओतप्रोत छ । महाकाव्यमा वर्णन गरिने विषयहरूमध्ये एउटा अंशमा आधारित काव्यलाई खण्डकाव्य भनिन्छ ।[४] यो काव्य श्रीकृष्णचरित्रको एउटा पक्षमा आधारित भएकाले खण्डकाव्य हो ।

रस र भावको अभिव्यक्ति

विरहसन्तप्त गोपिनीहरूको हृदयस्पर्शी अभिव्यक्तिमा आधारित यो काव्य शृङ्गारकाव्य हो । कविको कृष्णभक्तिमा आधारित रचना हुनाले यो भावप्रधान भक्तिकाव्य पनि हो । कविको भक्तिभावभन्दा पनि गोपिनीहरूको विरहजनित सन्ताप यसमा राम्ररी मुखरित भएकाले यस काव्यमा विप्रलम्भ शृङ्गारकै प्राधान्य छ । शृङ्ग भनेको कामदेवको जागरण हो । कामदेवको जागरण गराउने विषयवस्तु, उत्तम प्रकृतिका नायक-नायिका रहेको काव्यलाई शृङ्गारकाव्य भनिन्छ ।[५] यस काव्यमा श्रीकृष्ण उत्तम नायक हुनुहुन्छ र गोपिनीहरू स्वीया नायिका हुन्, चन्द्रमा, भ्रमरगुञ्जन आदि उद्दीपन विभावको राम्ररी परिपाक भएको छ, कटाक्ष, भुजाक्षेप आदि अनुभावहरूको अभिव्यक्तिका साथै निर्वेद आदि सञ्चारिभाव राम्ररी व्यक्त गरिएका छन् र ती सबैबाट शृङ्गारको स्थायिभाव रति परिपुष्ट बनेर शृङ्गाररसका रूपमा परिणत भएको छ ।

शृङ्गाररस सम्भोगशृङ्गार र विप्रलम्भशृङ्गार गरी दुई प्रकारको हुन्छ । विप्रलम्भशृङ्गारका पनि पूर्वराग, मान, प्रवास र करुणविप्रलम्भ गरी चार भेद हुन्छन् । यसमा कृष्णको वियोगले छट्पटाएका गोपिनीहरूको विरहव्यञ्जक मार्मिक उद्गार प्राणतत्त्वका रूपमा रहेको छ । यसैले यस काव्यमा विप्रलम्भशृङ्गार अङ्गी रस

---

४. खण्डकाव्यं भवेत्काव्यस्यैकदेशानुसारि च । - साहित्यदर्पण ६।३२९ ।

५. शृङ्गं हि मदनोद्भेदस्तदागमनहेतुतः ।
उत्तमप्रकृतिप्रायो रसः शृङ्गार उच्यते । - सा.द. ३।१८३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनेर रहेको छ । यो शृङ्गार प्रवासनामक भेदमा आधारित छ । यसमा नायिकाहरूका अङ्ग, वस्त्र आदिमा मलिनता, शिरमा एउटा मात्र चुल्ठो, निश्वास-उच्छ्वास, रुदन, दुर्बलता, अरुचि, अधृति, अनालम्बनता, तन्मयता, उन्माद, मूर्छा र मरणजस्ता दश कामदशा हुने गर्दछन् ।[६]

कार्यवश श्रीकृष्ण मथुरा जानुभएकाले मालिन्य, श्वासप्रश्वास, रुदन, सन्ताप, कृशता, अरुचि, अधीरता, निराश्रयता, नायकतन्मयता र उन्मादजस्ता कामदशा नायिकाहरूमा प्रतिबिम्बित भएका छन् । त्यस कारण यो सम्पूर्ण काव्य नै विप्रलम्भशृङ्गारको अनिन्द्य उदाहरण हो । दिग्दर्शनका लागि एउटा पद्य हेरौं -

वित्तचित्ततनुभिर्भजमाना निर्जलस्थलगमीनसमानाः ।
कुन्दकुड्मलमनोहरदन्तीः सुन्दरीरपि जहाति मुकुन्दः ।।[७]

यसमा त्याग र समर्पणका प्रतीक विरहका कारण पानीबाहिर आउँदा छट्पटिएका माछासमान गोपिनीहरूको दयनीय अवस्था अभिव्यक्त गरिएकाले विप्रलम्भशृङ्गारको परिपाक भएको छ ।

कविनिष्ठ श्रीकृष्णविषयक रतिको उदाहरणका रूपमा निम्न पद्यलाई लिन सकिन्छ –

लीलापवित्रितजगत्त्रयमध्यचारी
विश्वम्भरः किल धरातलभारहारी ।
ईक्षाप्रकल्पितचराचरनामरूपो
गोपालबालकवपुर्व्रजमध्युवास ।।[८]

यस पद्यमा परब्रह्ममय श्रीकृष्णको महिमगान गरिएको छ ।

---

६. प्रवासो भिन्नदेशीत्वं कार्याच्छापाच्च सम्भ्रमात् ।
तत्राङ्गचेलमालिन्यमेकवेणीधरं शिरः ।।
निःश्वासोच्छ्वासरुदितभूमिपातादि जायते ।
अङ्गेष्वसौष्ठवं तापः पाण्डुता कृशताऽरुचिः ।।
अधृतिः स्यादनालम्बस्तन्मयोन्मादमूर्च्छनाः ।
मृतिश्चेति क्रमाज्ज्ञेया दश स्मरदशा इह ।। सा.द. ३।२०४-२०६ ।
७. कृष्णकर्णाभरणम्, पूर्ववत्, श्लो. ८७, पृ. २६ ।
८. पूर्ववत्, श्लो. १, पृ. क ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अलङ्कारयोजना

शब्दहरूको अनुरणनात्मक झङ्कार र अर्थको चमत्कारद्वारा निष्पन्न हुने रमणीय शब्द र अर्थको योजनाले सुहाएका काव्यहरूमा अलङ्कार गहना बनेर रहेका हुन्छन् । शब्दहरूको सहज उच्चार्यताका साथै संयोगजन्य ध्वनन र अर्थहरूमा निहित विलक्षण चमत्कारबाट काव्य सुमधुर, सरस, लोकप्रिय र चिरयशस्वी बन्दछन् । यस काव्यमा अनुप्रास, यमक र श्लेषजस्ता शब्दालङ्कार र उपमा, उत्प्रेक्षाजस्ता अनेकौं अर्थालङ्कारको प्रयोग गरिएको पाइन्छ ।

अनुप्रास– कृष्णकर्णाभरणकाव्यमा विभिन्न पद्यहरूमा रमणीय शैलीमा अनुप्रास अलङ्कारको प्रयोग पाइन्छ । जस्तै- मिलत, निष्ठत, दृश्यत, पश्यत० (११९), मुञ्चस्व, सिञ्चस्व, अङ्गीकुरुष्व० (२१७), पापं चिनोति, स्वापं क्षिणोति, तनुतानवमातनोति० (२११) मा अनुप्रासले उत्कर्ष प्राप्त गरेको छ । सम्पूर्ण काव्यमा विभिन्न पद्यहरूमा अनुप्रासको सौन्दर्य अनुभव गर्न सकिन्छ । यसै गरी उक्त काव्यमा यमक र श्लेष अलङ्कारका पनि सुमधुर उदाहरण पाइन्छन् ।

उपमा– यस काव्यमा यत्रतत्र उपामालङ्कारका रमणीय प्रयोगहरू पाइन्छन् । तीमध्ये- **वित्तचित्ततनुभिर्भजमाना निर्जलस्थलगमीनसमानाः** (८७) । उक्त पद्यांशमा श्रीकृष्णको विरहले सन्तप्त भएका गोपिनीहरूको निर्जल स्थलमा रहेका माछाहरूसँग तुलना गरिएको छ र यो तुलना अत्यन्त आकर्षक छ । यसै गरी कृष्णकर्णाभरणकाव्यका ३८, ४९ र ८७ सङ्ख्यक पद्यहरूमा सौन्दर्यपूर्ण उपमालङ्कारको प्रयोग पाइन्छ ।

यसै गरी यस काव्यमा उत्प्रेक्षा, सहोक्ति, अर्थान्तरन्यास, विरोध अलङ्कारको सर्वाधिक प्रयोग भएको छ । अनुशीलन गर्ने रसिकले यस काव्यमा अरू अलङ्कारका आकर्षक उदाहरण चमत्कारजनकरूपमा प्रयोग भएको पाउन सक्छ ।

कृष्णकर्णाभरणकाव्यमा अलङ्कारसिद्धिका निमित्त कविको प्रयास देखिँदैन र स्वतःसिद्ध अलङ्कारहरूको बाहुल्य प्रतीतिगोचर हुन्छ । रसप्रधान यो काव्य अलङ्कारहरूद्वारा अलङ्कृत भएर अनिर्वचनीय आनन्द प्रदान गर्न समर्थ छ ।

काव्यमा व्याकरणसिद्धान्तको प्रयोगपरम्परा

संस्कृत साहित्यको दीर्घपरम्परामा हजारौं काव्य, महाकाव्य, रूपक, उपरूपक, गद्यकाव्य लेखिँदै आएका छन् र लेखिँदै जानेछन् । व्याकरणको नियमअनुसार बनेका पदहरूको प्रयोग सबै काव्यमा भएको छ । संस्कृत भाषा विनाव्याकरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखिँदैन । यहाँ त्यस्तो प्रयोगलाई लिएर केही भन्न खोजिएको होइन । संस्कृत साहित्यका केही काव्यमा व्याकरणका सूत्र घटाउँदै पदप्रयोग गरिएको पाइन्छ । ईशवीय सातौं शताब्दीदेखि यो प्रयोगपरम्परा चल्दै आएको छ । भट्टि कविले ६५० ईशवीय सन्को आसपासमा भट्टिकाव्य अर्थात् रावणवध महाकाव्यको रचना गरेका थिए । उनको काव्यमा -

सोऽध्यैष्ट वेदान् त्रिदशानयष्ट
पितॄनपारीत् सममँस्त बन्धून् ।
व्यजेष्ट षड्वर्गमरँस्त नीतौ
समूलघातमवधीदरींश्च ।।[९]

जस्ता काव्यानन्द प्रदान गर्ने र छात्रहरूलाई व्याकरणको ज्ञान दिने प्रयोगहरूको बाहुल्य छ । यसै गरी दशौं शताब्दीमा भट्ट भौमले रावणार्जुनीयमहाकाव्यम्को रचना गरे । दशौं शताब्दीमा हलायुधले कविरहस्यम् नामक काव्यमा व्याकरणका नियम र प्रयोगको दिग्दर्शन गराएका छन् । ईशाको बाह्रौं शताब्दीमा जैनाचार्य हेमचन्द्र सूरिले कुमारपालचरितकाव्यमा व्याकरणका सिद्धान्त र प्रयोगको दिग्दर्शन गराएका छन् । सत्रौं शताब्दीमा वासुदेव नामक कविले वासुदेवचरितम् काव्यमा र नारायणले धातुरसहस्यम्मा व्याकरणका नियमहरूको उल्लेख गरी पदप्रयोग गरको छन् ।[१०] ईशाको सत्रौं शताब्दीमा नेपालका महाकवि काशीनाथले यदुवंशमहाकाव्यम्का १ – ५ सर्गमा व्याकरणको नियमानुसार निष्पन्न पदहरूको क्रमबद्ध प्रयोग गरेका छन् ।[११]

काव्यहरूमा गरिएका व्याकरणका नियमहरूको क्रमिक प्रयोगको परम्परामा महाकवि कुलचन्द्र गौतमले सूत्र, वृत्ति, टिप्पणी र वैकल्पिक प्रयोगका उदाहरणसमेत पद्यबन्ध गरेर लकारार्थप्रक्रियाको आधारमा विक्रमसंवत् १९७५ मा कृष्णकर्णाभरणकाव्यम्को रचना गरे । पूरै व्याकरणका नियम उठाएर लकारका रूपहरूको काव्यमा प्रयोग गरी तयार गरिएको यो काव्य ती सबै काव्यहरूभन्दा उच्चस्तरीय र अनुपम छ ।

---

९. महाकवि भट्टि, भट्टिकाव्यम्, १.२, प्रकाशक - पाण्डुरंगजावजी, निर्णयसागर प्रेस, मुम्बई, सन् १९३४ ।

१०. वाचस्पति गैरोला, संस्कृत साहित्यका सङ्क्षिप्त इतिहास, चौखम्बा विद्या भवन, वाराणसी, सन् १९७८, पृ. ५७०-५७२ ।

११. जीवन अधिकारी, यदुवंशमहाकाव्यम् (शोधप्रबन्ध), द्वितीय परिच्छेद, २०६१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लकारार्थप्रक्रियाको आधारमा कृष्णकर्णाभरणकाव्यम्को अनुशीलन

भगवान् श्रीकृष्ण व्रजभूमि छाडेर कंसको आदेशअनुसार मथुरा जानुभएपछि श्रीकृष्णको वियोगले तड्पिएका गोपिनीहरूले ध्यानबाट भगवान् श्रीकृष्णलाई साक्षात्कार गरी आफ्ना मनोभाव व्यक्त गरेको विषयवस्तुले अनुप्राणित कृष्णकर्णाभरणम् काव्यमा लकारार्थप्रक्रियाको आधारमा विषयवस्तुको विन्यास गरिए तापनि व्याकरणगत जटिलताका कारण कथाभङ्ग भएको छैन र लकारार्थ प्रक्रियाका महत्त्वपूर्ण विषयहरूको पूर्णतया अनुगमन पनि गरिएको छ। यहाँ लकारार्थप्रक्रियाको विषयक्रम र सूत्रक्रमअनुसार लकारप्रयोग गरी निर्माण गरिएका कृष्णकर्णाभरणकाव्यम्का केही पद्यहरूको अनुशीलन गरिँदैछ।

उषसि प्रसरत्समीरणे तपसि स्नातवतीर्निरीक्ष्य नः।
वसनानि धुनीतटस्थितान्यभिजानासि हरे ! हरिष्यसि ।।८।।

हे कृष्ण ! गीष्म ऋतुको बिहानीमा मन्दमन्द पवनको सञ्चार भइरहँदा हामीलाई यमुना नदीमा स्नान गरिरहेको देखेर यमुनाको तीरमा थुप्र्याएर राखिएका हाम्रा लुगाहरू चोरी कदम्बवृक्षाको टुप्पामा गएर तिमीले हेरिरहेका थियौ। के त्यो घटना तिमीलाई याद आउँछ ?

टिप्पणी - अभिज्ञावचने लृट् (३/२/११२) स्मृतिबोधक पद नजिक रहेमा भूत अनद्यतनवाची लङ्लकारको अर्थमा भविष्यत्कालबोधक लृट् लकारको प्रयोग गरिन्छ। उक्त सूत्रार्थअनुसार यहाँ स्मृतिबोधक ज्ञा धातुको वर्तमानकालिक रूप 'अभिजानासि'को समीपमा प्रयोग भएकोले हरणार्थक हृञ् धातुमा भविष्यकालको अर्थ बताउने लृट्लकारको रूप हरिस्यसि भएको छ।

प्रिय ! चेतयसे विवाससः प्रणमन्तीः परिवेपिताधराः।
अवनम्रमुखीः ससीत्कृता वसनस्तेन ! कदर्थयिष्यसि ।।९।।

हे प्यारा कृष्ण ! हामी यमुनाभित्र नग्नस्नान गरिरहेका थियौं। तिमीले यमुनातीरमा राखिएका लुगा चोरेपछि जाडाले थुर्थुर काँपिरहेका हाम्रा ओठ पनि काँपिरहेका थिए। हामी लाजले भुतुक्कै भई शिर निहुर्‍याइरहेका थियौं र हाम्रा मुखबाट सूय्य-सूय्य आवाज निस्किरहेको थियो। तिमी हामीलाई लाजमर्दो अवस्थामा पुर्‍याएर कदम्बको टुप्पामा बसी हाम्रो निन्दा गरिरहेका थियौ। के त्यो घटना अहिले तिम्रो सम्झनामा छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी - यहाँ पूर्वोक्त सूत्रको नियमअनुसार स्मृतिबोधक चेतयसि पद समीपमा रहेका कारण निन्दार्थक कदर्थ पदमा ऌट्लकारको कदर्थयिष्यति रूप प्रयोग गरिएको छ ।

कृष्ण ! चिन्तयसि यामिनीमुखे बान्धवीयवचनातिगामिनः ।
आगताः प्रति रतीशतापिताः प्राणनाथ ! सरसीभविष्यसि ।।११।।

हे प्यारा कृष्ण ! रात परेपछि आफ्ना बाबु-आमा, दाजु-भाइ, सासू-ससुरा, पति र बान्धवहरूले तिमी यसरी रातमा हिँड्न हुँदैन भनेर रोक्दारोक्दै पनि हामी कामवेदनाले पिल्सिएका गोपिनीहरू तिमी भएको ठाउँमा पुगेका थियौं । हाम्रो निस्सीम प्रेमबाट पग्लिएर तिमीले हामीसँग विहार गरेका थियौ । हे प्राणनाथ ! के त्यो घटना तिम्रो सम्भनामा छ ?

टिप्पणी - यहाँ स्मृतिबोधक चिन्तयसि क्रियापद समीपमा रहेका कारण सरसीपूर्व भूधातुबाट ऌट्लकार भई निष्पन्न हुने सरसीभविष्यति क्रियाको प्रयोग गरिएको छ ।

कौमुदीमहसि यामुने तटे वेणुपञ्चममुदञ्चयिष्यसि ।
पञ्चसायकनिदेशवर्तिनीर्वल्लभ ! स्मरसि नर्तयिष्यसि ।।१२।।

यमुनाको तीरमा जुनको जुनेली फैलिँदा तिमीले बाँसुरीबाट पञ्चम नाद फैलाएर हामीलाई मुग्ध तुल्याएका थियौ । बाँसुरीको ध्वनि सुनेर कामदेवको अधीनमा पुगेका हामीलाई बाँसुरीकै तालमा तिमीले नचाएका थियौ । के यो घटना याद आउँछ ?

टिप्पणी - यहाँ स्मृतिबोधक स्मरसिको सान्निध्यमा उपस्थिति भएका कारण अञ्चयति एवं नर्तयतिबाट ऌट्लकारको प्रयोग गरी उदञ्चयिष्यसि र नर्तयिष्यसि रूपहरूको प्रयोग भएको छ ।

लालसां पपरिथ व्यथितानामुज्जहर्थ पितरौ व्यसनाब्धेः ।
नन्दनन्दन ! कथापि हता नो बालसख्यमथ वा कथमास्ताम् ।।१८।।

प्यारा कृष्ण ! तिमीले मथुरा गएपछि आफ्ना भक्तहरूका इच्छा साकार तुल्यायौ र आफ्ना माता-पिताको उद्धार गऱ्यौ तर हाम्रो सम्भनासम्म पनि गरेनौ । यसबाट बालककालमा सँगै खेल्ने साथी र सङ्गिनीहरूको मित्रताको मूल्य नहुने रहेछ भन्ने कुरा प्रमाणित भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टिप्पणी - परोक्षे लिट् (३/२/११५) प्रयोक्ताले इन्द्रियद्वारा अनुभव गरेको विषय परोक्ष भनिन्छ । भूत अनद्यतन परोक्ष अर्थलाई व्यक्त गर्ने सन्दर्भमा लुट्लकार हुन्छ । उक्त नियमअनुसार यहाँ लिट्लकारका रूपहरूको प्रयोग भएको छ ।

'किं भाण्डीरवटं सकृष्णभुजगं प्रायास्त्वमेकाकिनी,
नो भाण्डीरवटं सकृष्णभुजगं नाम्नापि जज्ञावहम् ।'
वाकोवाक्यबलादिति स्वपितरं प्रातीतरं प्रान्तत-
स्त्वं यातोऽसि तटस्थतामथ च मे लाभः पितुर्वञ्चना ।।२०।।

एक दिन मलाई मेरा पिताजीले रिसाउँदै- 'छोरी ! के तँ नटुवा कृष्णले केटी नचाउने भाण्डीरवटमा एक्लै गएकी थिइस् ?' भनी सोध्नुभएको थियो । त्यस बेला मैले उत्तर दिएँ- 'पिताजी ! भाण्डीरवट के हो, कहाँ छ ? मैले त त्यसको नामसमेत सुनेकी छैन भने त्यहाँ जाने काम कसरी हुन सक्छ ?' भनेर पिताजीलाई ढाँटेकी थिएँ । यसरी उत्तर पाउँदा पिताजी खुसी हुनुभयो र मेरो विपत्ति पनि टर्‍यो तर आज आफ्ना माता-पिता, परिवार र बन्धुसँग ढाँट-छल गरेर लुकिलुकी तिमीसँग भेट गर्ने मजस्ता प्रियतमा ठगिएका छन् र तिमी हामीजस्तालाई ठगेर कहाँ बसिरहेका छौ, के गर्दैछौ ? आज हामी पिताजीलाई ठग्ने कामलाई मात्र फाइदा मानेर बसिरहेका छौं ।

टिप्पणी - अत्यन्तापह्नवे लिड्वक्तव्यः (वा.) कुनै कुरा लुकाउँदा अपरोक्ष अर्थमा पनि लिट्लकारको प्रयोग हुन्छ भन्ने नियमअनुसार यहाँ ज्ञा धातुको लिट्लकारको रूप जज्ञौको प्रयोग भएको छ ।

अलभत किमधीरचेतसां नः फलमधुना वत ! वञ्चनप्रपञ्चैः ।
पितरमपि यशोदया समेतं भणतु भवान् किल किन्नु ? विप्रलेभे ।।२४।।

प्यारा कृष्ण ! तिमीले हामी अधीर सङ्गिनीहरूसँग ढाँट-छल गरेर के पायौ ? लौ भइहाल्यो, हामी गाउँलेका छोरीहरूलाई त ठग्यौ-ठग्यौ तर आफ्नो पालन-पोषण गर्ने आमा यशोदा र नन्दबाबालाई पनि किन ठग्यौ ?

टिप्पणी - प्रश्ने चासन्नकाले (३/२/११७) आसन्नकालिक प्रश्नको अर्थमा भूत अनद्यतनमा लङ् र लट्लकारको प्रयोग हुन्छ । उक्त नियमअनुसार प्रस्तुत पद्यमा लभ्धातुको लङ्लकारको रूप अलभत र लिट्लकारको रूप विप्रलेभेको प्रयोग भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिमतजनलाभात्किं व्यहासीर्जनन्या
सममनुचितहानां जन्मभूमिं स्वकीयाम् ।
अहह ! ननु जहामि प्रेयसीं तामितीमां
दयित ! वचनभङ्गीं कच्चिदङ्गीकरोषि ।।२७।।

आफूले ज्यादै रुचाएका मथुरा नगरीका सुन्दरीहरूसँग हाँस-खेल गर्न पाएपछि तिमीले आफ्नी जननी यशोदाका साथै जन्मभूमि गोकुललाई पनि के चटक्कै बिर्सिदियौ ? कुनै बेला के कहिलेकाहीँ तिमीले अहो मैले मेरा प्रियसीहरूलाई एक्लै छाडेर नराम्रो काम गरें भन्ने कुरा गर्दछौ ?

टिप्पणी - ननौ पृष्टप्रतिवचने (३/२/१२०) सामान्यभूतको क्षेत्रमा लट्लकार हुन्छ ननु शब्दको योग र प्रश्नोत्तर क्रिया सम्पन्न भएमा । उक्त नियमअनुसार प्रस्तुत पद्यमा ओहाक् त्यागे धातुबाट लुङ्लकार हुँदा निष्पन्न हुने रूप व्यहासीः र ननुको योगमा निष्पन्न हुने रूप जहामिको प्रयोग भएको छ ।

'भृशं कृशाङ्गीः किमतीतपस्त्वं' त्रपाभरादित्यनुयुक्तमात्रः ।
'अहं शुचिर्हन्त ! नु तापयामि' प्रागल्भ्यमुच्चैरुपयोक्ष्यसीति ।।३४।।

कुनै दिन तिमी आयौ भने लाजले शिर निहुर्‍याइरहेका हामीले तिमीसँग भन्नेछौं - हे प्यारा ! हामी दुब्ला-पातला, सीधासाधा गाउँले युवतीहरूलाई किन कामदेवको आगो सल्काएर पोलिरहेका छौ ? त्यस बेला तिमीले भन्नेछौ- के म आगो हो र तिमीहरूलाई पोल्छु ? अथवा के जेठको महिना हो र तिमीहरूलाई पोल्छु ? अथवा म के ग्रीष्म ऋतु हो र तिमीहरूलाई पोल्छु ? म शुद्धसङ्कल्प भएको हुँ भने मैले कामदेवरूपी अग्निको ज्वालामा तपाएर तिमीहरूलाई किन पोलूँ ?

टिप्पणी - पृष्टप्रतिवचनको प्रसङ्गमा नन्वोर्विभाषा (३/२/१२१) सूत्रद्वारा लुङ्को क्षेत्रमा लट्लकार हुने व्यवस्था गरिएको छ । न र नुको योग भएमा भन्ने सूत्रको तात्पर्यअनुसार उक्त पद्यमा नु उपपदसंमेत रहेकाले लुङ्को स्थानमा लट्लकारको प्रयोग गरिएको छ ।

'कां कामालपसि प्रियां प्रियतम ! प्रत्यग्रहर्षोन्मुखीं
कां कां चुम्बसि कां वद प्रियतमां प्रत्यङ्गमालिङ्गसि ।'
इत्यन्तर्ज्वलदन्तरायरहितप्रोद्दामकामानलं
पृच्छन्तीं चरितार्थयिष्यसि कदा ? साकूतमन्दस्मितैः ।।४१।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्ना मुटुमा निर्बाध रूपमा तीव्र ज्वाला फैलाउँदै दन्किरहेको कामदेवको आगोद्वारा पिल्सिएका हामीजस्ता प्रियतमासँग कहिले आएर तिमीले मीठा गफ गर्नेछौ ? तिम्रो दर्शन पाएर हर्षित भएका कुन प्रियतमाका अङ्ग-अङ्गमा आलिङ्गन गर्छौ भनी कामाग्निले सन्तप्त भएर सोधिरहेकी मलाई भावपूर्ण आँखाले नजर गरी मुस्कान छर्दै कहिले आलिङ्गनपाशमा बाँध्नेछौ ?

टिप्पणी - प्रश्नकर्ताको जिज्ञासा प्रतीत भएमा र किं शब्दको प्रयोग भएमा धातुबाट भविष्यत्कालको अर्थमा विकल्पले लट्लकार हुन्छ । पक्षमा लृट् र लुट्लकारको प्रयोग गर्न सकिन्छ । उक्त नियमअनुसार प्रस्तुत पद्यमा लप, चुम्ब र लिङ्गधातुबाट भविष्यत्कालको अर्थमा लट्लकारको प्रयोग भई आलपसि, चुम्बसि, आलिङ्गसि जस्ता रूपहरूको प्रयोग गरिएको छ । पद्यको अर्थले जिज्ञासा व्यक्त गरेको छ ।

अयि ! नन्दिनि ! नन्दनन्दनो यमुनाकूलमभि प्रयाति चेत् ।
भवती सदने निजे भवत्वथ सायन्तनदेवपूजने ।।४६।।
पितरं निदिशन्तमादरादिति चिन्ताकवलीकृतान्तरम् ।
प्रतिपक्षमिव क्षणे क्षणे वत ! रुक्षैर्नयनैरचक्ष्महि ।।४७।।

